सियारी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हर्नैया, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल

Web:www.siyarimun.gov.np

E-mail:siyarimun@gmail.com

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७९/११/१८)**

सियारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा देहायको पद करार सेवाद्धारा पदपूर्तिका लागि आवश्यक योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित कार्यालय समय भित्र गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएकोछ। कागजातहरु संलग्न नभई पेश हुन आएका र म्याद नाघी आएका दरखास्त उपर कुनै कारवाही हुने छैन।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या | आवेदन दस्तुर |
|---|---|---|---|---|---|
| १ | ६-२०७९-०८० | सिभिल ईन्जिनियर | अधिकृत छैठौ तह | १ | १०००/- |
| २ | ७-२०७९/०८० | असिस्टेन्ट सव- ईन्जिनियर | सहायक चौथो तह | २ | ६००/- |
| ३ | ८-२०७९-०८० | सहायक कम्प्युटर अपरेटर | सहायक चौथो तह | २ | ६००/- |
| ४ | ९-२०७९-०८० | नगर प्रहरी सहायक निरीक्षक | सहायक चौथो तह | १ | ६००/- |
| ५ | १०-२०७९-०८० | नगर प्रहरी जवान | श्रेणीविहिन | ६ | ३००/- |
| ६ | ११-२०७९-०८० | हलुका सवारी चालक | श्रेणी विहीन | १ | ३००/- |
| ७ | १२-२०७९-०८० | कार्यालय सहयोगी | श्रेणी विहीन | ९ | ३००/- |

**१. आवश्यक न्युनतम शैक्षिक योग्यताः**

क. सिभिल इन्जिनियर, अधिकृतस्तर छैंठौं तहको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिंग विषय लिई बी.ई. वा सो सरह उत्तीर्ण गरेको।

ख. असिस्टेन्ट सव इन्जिनियर, सहायक चौथो तहको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई.वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा तालिम प्राप्त वा प्राविधिक शिक्षालयबाट सम्बन्धित विषयमा टी.एस.एल.सी. उत्तीर्ण गरेको।

ग. सहायक कम्प्युटर अपरेटर पदको लागिः– मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई एस.ई.ई. वा सो सरह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी.वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तिमा ३ महिनाको कम्प्युटर तालिम प्राप्त गरेको।

घ. कार्यालय सहयोगीका लागिः आधारभूत तह **कक्षा ८** वा सो सरह उत्तीर्ण गरेको।

ङ. हलुका सवारी चालकका लागि कक्षा ८ वा सो सरह उत्तीर्ण गरी हलुका सवारी चालक अनुमति पत्र प्राप्त गरेको।

च. नगर सहायक प्रहरी निरीक्षक पदको लागि आवश्यक योग्यताः

अ. दरखास्त दिने अन्तिम मिति सम्म १८ वर्ष उमेर पुगेको र ४० वर्ष ननाघेको।

आ. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट १२ कक्षा वा सो सरहउत्तीर्ण गरेको।

इ. नेपाल प्रहरी (सशस्त्र र जनपद) र नेपाली सेनाबाट निबृत्तीभरण पाई वा उपदान सेवालिइ सेवा निबृत्त भएकाको हकमा उमेरको हद ४५ बर्ष ननाघेको।

छ. नगर प्रहरी जवानका लागि आवश्यक योग्यताः

अ. दरखास्त दिने अन्तिम मिति सम्म १८ वर्ष पुरा भएको र ४० वर्ष ननाघेको।

रामनाथ न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत

आ. मान्यता प्राप्त शिक्षण संस्थाबाट कक्षा आठ वा सो सरहको परीक्षा उत्तीर्ण गरेको ।

इ. फौजदारी अभियोगमा सजाय नपाएको ।

ई. नेपाल प्रहरी (सशस्त्र र जनपद) र नेपाली सेनाबाट निबृत्तीभरण पाइ वा उपदान सेवा लिइ सेवा निबृत्त भएकाको हकमा उमेरको हद ४५ बर्ष ननाघेको

उ. हलुका सवारी चालक अनुमति पत्र प्राप्त गरेकोलाई प्राथमिकता दिईनेछ ।

२. **उम्मेदवारको उमेरहदः** सिभिल इन्जिनियरको लागि २१ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको र महिला तथा अपांग उम्मेदवारहरुको हकमा ४० वर्ष ननाघेको,असिस्टेन्ट सव ईन्जिनियर, सहायक कम्प्युटर अपरेटर, हलुका सवारी चालक र कार्यालय सहयोगीका लागी १८ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको र महिला तथा अपांग उम्मेदवारहरुको हकमा ४० वर्ष ननाघेको ।

३. **आवेदन साथ संलग्न कागजातहरुः-** आवेदन स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु,

क. नागरिकता

ख. न्युनतम शैक्षिक योग्यताको लब्धांक प्रमाणपत्र

ग. दरखास्त दस्तुर बुझाएको रसिद

घ. तालिमको प्रमाण पत्र

ङ. ३ प्रति पासपोर्ट फोटो

४. **छनोट प्रकृयाः**

क. सिभिल इन्जिनियरको लागिःसंक्षिप्त सूची र अन्तर्वार्ता ।

ख. असि.सव.ईन्जि.को लागिः संक्षिप्त सूची र अन्तर्वार्ता ।

ग. सहायक कम्प्युटर अपरेटर पदको लागिः संक्षिप्त सूची, प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता ।

घ. हलुका सवारी चालकको लागि प्रयोगात्मक र अन्तर्वार्ता ।

ङ. कार्यालयक सहयोगी पदका लागि अन्तर्वार्ता ।

च. नगर सहायक प्रहरी निरीक्षक /नगरप्रहरी जवान छनौटका आधारहरुः

(क) प्रारम्भिक स्वास्थ्य परीक्षण

(ख) शारीरिक तन्दुरुस्ती परीक्षण

(ग) अन्तर्वार्ता परीक्षा

छ. प्रचलिन कानून बमोजिम अयोग्य नठहरिएको ।

५. **दरखास्त बुझाउने अन्तिम मितिः** २०७९/१२/०२ गते सम्म ।

६. **करार अवधीः-**२०८० असार मसान्त सम्म ।

७. **सेवा सुविधाः** नेपाल सरकारको नियमानुसार ।

८. **दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थानः**सियारी गाउँपालिकाको कार्यालय, हर्नैया रुपन्देही वा कार्यालयको वेवसाईटःwww.siyarimun.gov.np बाट प्राप्त गर्न सकिनेछ र दरखास्त फाराम सियारी गाउँपालिकाको कार्यालय हर्नैया रुपन्देहीमा बूझाउनु पर्नेछ ।

-प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत